# निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्ने सम्बन्धी निर्देशिका, २०७७

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

महानिर्देशकबाट स्वीकृत मितिः
२०७७।०६।२६

भन्सार कार्यालयहरुमा विभिन्न पैठारीकर्ता तथा निकासीकर्ताहरुले मालवस्तु पैठारी वा निकासी गर्ने क्रममा आशिकुडा प्रणालीमा घोषणा गरेका वा प्रज्ञापनपत्र भरी पेश गरेका मालवस्तु समयमा नछुटाई वा जाँचपास नगराई वा अन्य कुनै कारणले प्रणालीमा त्यत्तिकै निष्क्रिय रुपमा रहिरहने अवस्था देखिएको र यसरी मालवस्तुको घोषणा भएपछि जाँचपास नभई प्रणालीमा निष्क्रिय रुपमा रहिरहनु उपयुक्त नहुने हुँदा त्यस्ता जाँचपास हुन बाँकी निष्क्रिय प्रज्ञापनपत्रहरु यथासमयमा फरफारक गर्न आवश्यक देखिएको र यसरी फरफारक गर्दा सबै भन्सार कार्यालयहरुले समान कार्यविधि अपनाउन् भन्ने उद्देश्यले भन्सार ऐन, २०६४ को दफा ९३ बमोजिम भन्सार विभागले यो निर्देशिका बनाएको छ ।

१. <u>नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्ने सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यालय प्रमुख" भन्नाले भन्सार कार्यालयको जुनसुकै श्रेणीको कार्यालय प्रमुख सम्झनुपर्दछ र सो शब्दले निमित्त कार्यालय प्रमुख वा कार्यालय प्रमुखको अनुपस्थितिमा निजकातर्फबाट दैनिक कार्य संचालन गरिरहेको कर्मचारी समेतलाई जनाउँदछ ।

(ख) "घोषणाकर्ता" भन्नाले भन्सार कार्यालयमा निकासी वा पैठारी हुने मालवस्तु घोषणा गर्ने भन्सार एजेन्ट वा निजको प्रतिनिधि वा त्यस्तो घोषणा बमोजिमको मालवस्तुको धनी वा पैठारीकर्ता वा निकासीकर्ता सम्झनुपर्छ र सो शब्दले निकासीकर्ता वा पैठारीकर्ताकोतर्फबाट भन्सार नियमावली, २०६४ बमोजिम भन्सारमा काम गर्न खटिएको कर्मचारी समेतलाई जनाउँछ ।

(ग) "जाँचकी" भन्नाले निकासी वा पैठारीका लागि घोषणा भएको मालवस्तुको भौतिक परीक्षण वा कागजात जाँच गर्नका निमित्त प्रणाली वा भन्सार अधिकृतद्वारा तोकिएको भन्सारको कर्मचारी सम्झनुपर्दछ ।



Scanned with CamScanner

(घ) "निष्क्रिय प्रज्ञापनपत्र" भन्नाले प्रणालीमा मालवस्तु घोषणा भई प्रणालीबाट दर्ता नम्बर प्राप्त भएको सात दिन नाघेको तर आवश्यक प्रक्रिया पूरा गरी जाँचपास हुन बाकी रहेको वा जाँचपास हुन नसकेको प्रज्ञापनपत्र सम्झनु पर्दछ ।

(ङ) "प्रणाली" भन्नाले भन्सार प्रशासनले निकासी वा पैठारी हुने मालवस्तु जाँचपास गर्ने र तत्सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने समेत प्रयोजनका लागि प्रयोगमा ल्याएको कम्प्युटर प्रणाली सम्झनुपर्छ ।

(च) "प्रज्ञापनपत्र" भन्नाले निकासी वा पैठारी गरिने मालवस्तुका सम्बन्धमा भन्सार कार्यालयको आशिकुडा प्रणालीमा डिजिटल रुपमा गरिएको घोषणा वा मुद्रण भएको वा नभएको प्रज्ञापनपत्र सम्झनुपर्छ ।

(छ) "प्रज्ञापनपत्र फरफारक" भन्नाले महसुल दाखिला गराई मालवस्तु जाँचपास गर्ने वा प्रमाणका आधारमा महसुल दाखिला नगराई प्रज्ञापनपत्र रद्द गर्ने कार्य सम्झनुपर्छ ।

(ज) "महसुल" भन्नाले मालवस्तु निकासी वा पैठारी गर्दा प्रचलित कानूनबमोजिम भन्सार कार्यालयमा बुझाउनु पर्ने सबै प्रकारको रकम सम्झनुपर्छ ।

३. <u>निष्क्रिय प्रज्ञापनपत्रहरुको सूची बनाउने:</u> (१) प्रत्येक भन्सार कार्यालयको प्रमुखले हरेक महिनाको १ गते र १५ गते र सो दिन बिदा परेमा कार्यालय खुलेको दिन निष्क्रिय प्रज्ञापनपत्रको अध्यावधिक सूची तयार गरी वा गराई आफ्नो जानकारीमा लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा देहाय बमोजिमका निष्क्रिय प्रज्ञापनपत्रहरु अलग अलग छुट्टिने गरी गर्नु पर्नेछ:

(क) घोषणामात्र भई प्रणालीले दर्ता नम्बर जारी गरेका र अरु काम नभएका,

(ख) घोषणा भएर निर्दिष्ट मार्ग (लेन) छुट्टिएर (छनौट प्रणाली लागू भएका कार्यालयको हकमा) जाँचकी तोक्ने काम भएका र सोभन्दा पछि कुनै काम नभएका,

(ग) महसुल निर्धारण (एसेस्मेन्ट) भएका तर महसुल भुक्तानी नगरेका र

(घ) महसुल समेत भुक्तानी गरी जाँचपास हुन मात्र बाँकी रहेका ।

४. <u>महसुल निर्धारण (एसेस्मेन्ट) भएका निष्क्रिय प्रज्ञापनपत्रहरु फरफारक गर्ने:</u> (१) महसुल निर्धारण भई महसुल दाखिला समेत गरिसकेका प्रज्ञापनपत्रमा उल्लिखित मालवस्तुहरु कार्यालय प्रमुखले आफूलाई जानकारी भएकै दिन जाँचपास गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) महसुल निर्धारण भइसकेको तर महसुल बुझाउन बाँकी रहेको प्रज्ञापनपत्रका घोषणाकर्तालाई कार्यालय प्रमुखले तीन दिनभित्र महसुल दाखिला गर्न लगाई त्यस्तो प्रज्ञापनपत्र जाँचपास गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।



Scanned with CamScanner

(३) उपदफा (२) बमोजिम महसुल दाखिला गर्न सूचना दिंदा पनि महसुल दाखिला नगर्ने घोषणाकर्ताको कारोवार त्यस्तो महसुल दाखिला नगरेसम्म वा दफा ५ बमोजिम प्रज्ञापनपत्र फरफारक नभएसम्मका लागि कार्यालय प्रमुखले आफ्नो कार्यालयको हकमा तत्काल रोक्का गर्नुपर्नेछ र अन्य भन्सार कार्यालयबाट हुने कारोवार समेत रोक्का गर्न आवश्यक देखेमा भन्सार विभागमा लेखी पठाउनुपर्नेछ ।

(४) महसुल दाखिला गर्न सूचना दिंदा महसुल बुझाउन नपर्ने वा महसुल निर्धारण भइसकेको भए पनि महसुल बुझाउनु वा जाँचपास गर्नु नपर्ने कुनै वस्तुनिष्ठ आधार र कारणसहित घोषणाकर्ताले अनुसूची बमोजिमको ढाँचामा निवेदन दिएमा कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गरी निवेदनको व्यहोरा मनासिव ठहऱ्याएमा दफा ५ को उपदफा (३) बमोजिम निर्णय गरी सोको जानकारी भन्सार विभागमा पठाउनु पर्नेछ ।

५. <u>महसुल निर्धारण (एसेस्मेन्ट) नभएका निष्क्रिय प्रज्ञापनपत्रहरु फरफारक गर्ने</u>: (१) घोषणा मात्र भएका वा घोषणा भएर निर्दिष्ट मार्ग (लेन) छुट्टिएका तर महसुल निर्धारण भइनसकेका प्रज्ञापनपत्रका घोषणाकर्तालाई बाँकी प्रक्रिया पूरा गरी मालवस्तु जाँचपास गराई लैजान वा जाँचपास गराउन नपर्ने कुनै कारण भए आधार प्रमाणसहित अनुसूची बमोजिमको ढाँचामा निवेदन दिन कार्यालय प्रमुखले तीन दिनको समय दिई तुरुन्त सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको समयावधिभित्र आफूले घोषणा गरेका मालवस्तु आवश्यक प्रक्रिया पूरा गरी जाँचपास गराई नलैजाने वा जाँचपास गराई लैजानु नपर्ने आधार प्रमाणसहित अनुसूची बमोजिमको ढाँचामा निवेदन नदिने घोषणाकर्ताको कारोवार त्यस्तो प्रज्ञापनपत्र फरफारक नभएसम्मका लागि कार्यालय प्रमुखले आफ्नो कार्यालयको हकमा तत्काल रोक्का गर्नुपर्नेछ र अन्य भन्सार कार्यालयबाट हुने कारोवार समेत रोक्का गर्न आवश्यक देखेमा भन्सार विभागमा लेखी पठाउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचनाको समयावधिभित्र जाँचपास गराई लैजानु नपर्ने आधार प्रमाणसहित अनुसूची बमोजिमको ढाँचामा घोषणाकर्ताको निवेदन प्राप्त हुन आएमा निवेदन प्राप्त भएको सात दिनभित्र कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गरी देहाय बमोजिमको निर्णय गर्न सक्नेछः

(क) भूलबस घोषणा भएको प्रमाणित भएमा निर्णयमा स्पष्ट आधार र कारण खुलाई त्यस्तो प्रज्ञापनपत्र प्रणालीबाट रद्द गर्ने,

(ख) एउटै मालवस्तुको दोहोरो घोषणा भएको प्रमाणित भएमा यसरी एकै मालवस्तुको दुई वा सोभन्दा वढी पटक घोषणा गर्नुपर्ने कारण तथा औचित्य कार्यालय प्रमुखले

मनासिव ठहऱ्याएमा निर्णयमा स्पष्ट कारण खोली त्यस्तो प्रज्ञापनपत्र प्रणालीबाट रद्द गर्ने,

तर जाँचकी तोकिएपछि कुनै काम नगरी गलत मनसाय राखी सोही मालवस्तु पुनः घोषणा गर्ने घोषणाकर्तालाई भन्सार ऐन बमोजिम तत्काल आवश्यक कारबाही गरेर मात्र त्यस्तो प्रज्ञापनपत्र रद्द गर्नुपर्नेछ ।

(ग) प्रज्ञापनपत्र रद्द गर्न नमिल्ने देखिएमा सोही व्यहोरा जनाई घोषणाकर्तालाई आवश्यक प्रक्रिया पूरा गरी तीन दिनभित्र मालवस्तु छुटाई लैजान आदेश दिने,

(घ) खण्ड (क) र (ख) बाहेक अन्य कारणले घोषणा भएको प्रमाणित भएमा स्पष्ट आधार र कारण खुलाई त्यस्तो प्रज्ञापनपत्र फरफारक गर्न उपयुक्त निर्णय गर्ने ।

६ <u>प्रणालीमा संलग्न गर्नुपर्ने</u>: यस निर्देशिका बमोजिम प्रज्ञापनपत्र रद्द गर्ने सम्बन्धमा कार्यालय प्रमुखले गरेको निर्णय र घोषणाकर्ताले तत्सम्बन्धमा दिएको निवेदन तथा निर्णय गर्दा आधार लिइएका प्रमाणहरु अनिवार्य रुपमा प्रणालीमा संलग्न (अपलोड) गर्नु पर्नेछ ।

तर त्यस्तो कुनै प्रमाण प्रणालीमा पहिले नै अभिलेखित भएको अवस्थामा अपलोड गर्नुपर्ने छैन र पछि आवश्यक परेका बखत प्राप्त गर्न सकिने गरी त्यस्तो प्रमाणको संकेत वा सन्दर्भ निर्णयमा नै उल्लेख गर्नुपर्नेछ ।

७. <u>भन्सार विभागमा विवरण पठाउने</u>: (१) भन्सार कार्यालयले देहाय बमोजिमको विवरण त्रैमासिक रुपमा भन्सार विभागमा पठाउनुपर्नेछ :

(क) दफा ४ वा ५ बमोजिम निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्न सहयोग नगर्ने वा कारोवार रोक्का गर्दा पनि भन्सार कार्यालयको सम्पर्कमा नआउने वा भन्सार कार्यालयको अभिलेखमा भएको ठेगानामा सम्पर्क गर्न खोज्दा सम्पर्क हुन नसकेका भन्सार एजेन्ट र निकासीकर्ता वा पैठारीकर्ता दुवैको दर्ता नम्बर समेतको विवरण,

(ख) दफा ५ को उपदफा (३) को खण्ड (ख) बमोजिम दोहोरो घोषणा भएको पाइएमा त्यसरी एकै मालवस्तुको दुई वा सोभन्दा वढी पटक घोषणा गर्ने वा जाँचकी तोकिएपछि सो प्रज्ञापनपत्र निष्क्रिय राखी सोही मालवस्तु पुनः घोषणा गर्ने भन्सार एजेन्ट र निकासीकर्ता वा पैठारीकर्ता दुवैको दर्ता नम्बर सहितको विवरण ।

*<u>स्पष्टीकरण</u>*

*यस उपदफाको प्रयोजनका लागि "दर्ता नम्बर" भन्नाले भन्सार एजेन्टका हकमा भन्सार एजेन्टको दर्ता नम्बर र निकासीकर्ता वा पैठारीकर्ताको हकमा निकासी*



Scanned with CamScanner

*पैठारी संकेत नम्बर वा यस्तो नम्बर प्रदान गर्नु अघिको अवस्थाको भए स्थायी लेखा नम्बर सम्झनु पर्दछ ।*

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि भन्सार विभागको जोखिम व्यवस्थापन शाखाले सो विवरणको विश्लेषण गरी प्राप्त हुने नतिजालाई जोखिम व्यवस्थापनको एक आधारको रुपमा प्रयोग गर्नुपर्नेछ ।

(३) भन्सार विभागको जोखिम व्यवस्थापन शाखाले भन्सार कार्यालयहरुले रद्द गरेका प्रज्ञापनपत्रहरुको विवरण त्रैमासिक रुपमा प्रणालीबाट प्राप्त गरी कुनै भन्सार कार्यालयले रद्द गरेको प्रज्ञापनपत्र बमोजिमका मालवस्तु अर्को भन्सार कार्यालयबाट जाँचपास भएको छ छैन, कुन भन्सार एजेन्ट र कुन निकासीकर्ता वा पैठारीकर्ताले कतिपटक दोहोरो घोषणा गरेको छ वा निजले गरेको घोषणा कतिपटक रद्द भएको छ भन्ने विषयहरुमा छानविन गरी प्राप्त नतीजालाई जोखिम व्यवस्थापनको एक आधारको रुपमा प्रयोग गर्नुपर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम विश्लेषण वा छानविन गर्दा बदनियतपूर्वक वा महसुल छल्ने उद्देश्यले कुनै घोषणाकर्ताले काम गरेको देखिएमा त्यस्तो घोषणाकर्तालाई भन्सार ऐन बमोजिम कारबाही गर्नका लागि जोखिम व्यवस्थापन शाखाले महानिर्देशकसमक्ष पेश गर्नुपर्नेछ ।

८. <u>यात्रुले गरेको घोषणा सम्बन्धमा</u>: यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यापारिक प्रयोजनका बाहेक यात्रुले निजी प्रयोजनका लागि निकासी वा पैठारी गर्ने मालवस्तुसँग सम्बन्धित निष्क्रिय प्रज्ञापनपत्रहरु कार्यालय प्रमुखले मनासिब निर्णय गरी फरफारक गर्न सक्नेछ ।

९. <u>कर्मचारी खटाउन सक्ने</u>: कार्यालय प्रमुखले यस निर्देशिकाको कार्यान्वयनका लागि आवश्यक कार्यहरु सम्पादन गर्न र दफा ४ वा ५ बमोजिम गर्नुपर्ने निर्णयका लागि आवश्यक जाँचबुझ गरी आफूलाई राय दिन आफू मातहतको कर्मचारीहरुलाई खटाउन सक्नेछ ।

१०. <u>मालवस्तु जफत गर्ने</u> : यस निर्देशिका बमोजिम फरफारक गर्न खोज्दा समेत घोषणाकर्ताको बेवास्ताका कारणले फरफारक हुन नसकेको प्रज्ञापनपत्र बमोजिमको मालवस्तु भन्सार गोदाममा वा भन्सार परिसरमा वा भन्सार कार्यालयको नियन्त्रणमा



Scanned with CamScanner

रहेको भए भन्सार ऐन, २०६४ को दफा ४७ बमोजिमको प्रक्रिया पुऱ्याई त्यस्तो मालवस्तु जफत गर्नुपर्नेछ ।

११. यसै निर्देशिका बमोजिम गर्नुपर्नेः सबै भन्सार कार्यालयहरुले निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्दा यस निर्देशिकामा उल्लेख गरिएको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ । निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्ने सम्बन्धमा यो निर्देशिका विपरीत हुने गरी कुनै कार्य वा निर्णय गर्नेलाई विभागीय कारबाही हुनेछ ।

१२. बाधा अड्काउ फुकाउनेः यो निर्देशिकाको कार्यान्वयनमा कुनै व्यवधान वा कठिनाइ वा द्विविधा उत्पन्न भएमा कार्यालय प्रमुखले त्यसो हुनुको कारण र आफ्नो राय सहित भन्सार विभागका महानिर्देशकसमक्ष लेखी पठाउनु पर्नेछ र महानिर्देशकले सो सम्बन्धमा दिएको निर्देशन यो निर्देशिकामा परेसरह मानी कार्यान्वयन गर्नुपर्नेछ ।



Scanned with CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

अनुसूची

## प्रज्ञापनपत्र रद्द गर्नका लागि घोषणाकर्ताले दिने निवेदन

श्री ............................. भन्सार कार्यालय

...................................

म निवेदकले मालवस्तु निकासी/पैठारी गर्न त्यस कार्यालयको आशिकुडा प्रणालीमा निम्न विवरणको घोषणा गरेकोमा निम्न कारणले उक्त घोषणा रद्द गर्नुपर्ने भएकाले प्रणालीबाट घोषणा रद्द गरिदिनहुन अनुरोध गर्दछु:

### घोषणाको विवरण

मालवस्तु घोषणा गरेको मितिः
निकासी/पैठारीकर्ताको नामः
निकासी पैठारी संकेत नं.:
विदेशको आपूर्तिकर्ता/खरिदकर्ताको नाम र ठेगानाः
बीजक नं. र मितिः
बील अफ लेडिङ्ग/एअर वे बिल नं. र मितिः
बीजक मूल्य र मुद्राः

प्रज्ञापनपत्र दर्ता नं.:
भन्सार एजेन्टको नामः
भन्सार एजेन्टको दर्ता नंः

### घोषणा रद्द गर्नुपर्ने कारण

..................................................................................................................................................
..................................................................................................................................................
..................................................................................................................................................
..................................................................................................................................................
....

### घोषणा रद्द गर्नुपर्ने कारणलाई पुष्टि गर्ने प्रमाणहरु *(प्रमाणहरु संलग्न गर्नुपर्नेछ)*

१.

२.

३.

४.

निवेदकको नामः
दस्तखतः
मितिः



महानिर्देशक

Scanned with CamScanner